बैठक संख्या ५६ औ

आज मिति २०७८ जेष्ठ २० गते विदुर नगरपालिकाका प्रमुख श्री सन्जु पण्डितज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिका बैठक बसियो ।

| नाम | पद | दस्तखत |
|---|---|---|
| श्री सन्जु पण्डित | प्रमुख | |
| श्री गिता कुमारी दाहाल (अर्याल) | उपप्रमुख | |
| श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| श्री बीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | |
| श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | |
| श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | |
| श्री राजु सडौला | वडा अध्यक्ष | |
| श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | |
| श्री फइ सिं तमाङ | वडा अध्यक्ष | |
| श्री सनी चित्रकार | वडा अध्यक्ष | |
| श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | |
| श्री सिताराम अर्याल | वडा अध्यक्ष | |
| श्री दल बहादुर तमाङ | वडा अध्यक्ष | |
| श्री मुरली मिजार | नगरपालिका सदस्य | |
| श्री राम शरण मिजार | नगरपालिका सदस्य | |
| श्री कुमारी वि.क. | नगरपालिका सदस्य | |
| श्री राज कुमार कुमाल | नगरपालिका सदस्य | |
| श्री बिन्दा श्रेष्ठ | नगरपालिका सदस्य | |
| श्री मेनुका चौलागाई | नगरपालिका सदस्य | |
| श्री रश्मी पाण्डे | नगरपालिका सदस्य | |
| श्री रेखा लामा | नगरपालिका सदस्य | |
| श्री मोहन प्रसाद मरासिनी | प्रमूख प्रशासाकय अधिकत | |

Scanned with CamScanner

# ५६ औं कार्यपालिका बैठक (२०७८।०२।२०)

प्रस्तावहरुः

१) नवौं नगर सभाको मिति तय गर्ने सम्बन्धमा
२) विविध

**समिक्षा : ५५ औ नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा :**

नगर कार्यपालिकाको ५५ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने

निर्णयहरु

निर्णय नं.१) नवौं नगर सभाको मिति तय गर्ने सम्बन्धमा

प्रस्ताव नं. १ उपर छलफल गर्दा विदुर नगरपालिकाको नवौं नगर सभा मिति २०७८ अषाढ १० गते विहान १०:०० बजे नगरपालिकाको सभाहलमा गर्ने

क) उक्त नगर सभामा आ.व. ०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने

ख) उक्त नगर सभामा आ.व. ०७८।०७९ को वार्षिक बजेट प्रस्तुत गर्ने

ग) विनियोजन विधेयक र अर्थ विधेयक प्रस्तुत गर्ने

निर्णय नं.२) विविध

क) कोभिड-१९ को महामारीबाट आक्रान्त भईरहेको नगरवासी लगायत सम्पूर्ण मानिसहरुलाई आवश्यकता अनुसारको सेवामा पहुँच पुगोस भन्ने अभिप्रायले यस नगरपालिका भित्र रहेको प्रदेश स्तरिय अस्पताल त्रिशुली अस्पतालमा जडान गर्ने गरि २ थान Ventilator खरिदका लागि त्रिशुली अस्पताललाई विपद् शिर्षकबाट उपलब्ध गराईएको अनुदान रकम रु. ५५,३७,०००।- (पचपन्न लाख सैतिस हजार रुपैंया) लाई अनुमोदन गर्ने निर्णय गरियो ।

ख) आ.व. ०७७।७८ मा सञ्चालन गर्ने गरि संघीय तथा प्रदेश सरकारबाट प्राप्त योजनाहरु बोलपत्रको माध्यमबाट कार्यान्वयनमा लगिएकोमा यसरी बोलपत्रबाट प्रतिस्पर्धा भई घटेको रकमबाट सोही आयोजना/योजनाको बाँकी कामहरु गर्नु उपयुक्त हुने र पुन बोलपत्र मार्फत गर्न समय नपुगेको अवस्थामा सार्वजनिक खरिद

निर्णय प्रमाणित
०७८।२।२१

Scanned with CamScanner

ऐन तथा नियमावलीको परिधि भित्र रही उपभोक्ता समिति मार्फत योजनाहरु कार्यान्वयन गराई प्राप्त बजेट यसै आ.व. भित्र सदुपयोग गर्ने निर्णय गरियो ।

ग) संघिय एवं प्रदेश सरकार मार्फत गाई प्रवर्द्धन कार्यक्रमको लागि प्राप्त भएको बजेटमा यस नगरपालिकाबाट रु.१०,००,००० (दश लाख) थप गरि गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

घ) वडा नं. ९ निवासी वर्ष १५ का श्री विश्वास भुजेलको अधेरी खोला माथिबाट खसेको ढुंगाले ठक्कर दिई मिति २०७८ जेष्ठ १७ गते अल्पायुमै दुःखद निधन भएकाले मृत आत्माको चिर शान्तिको कामना सहित सोक सन्तप्त परिवार प्रति गहिरो सम्वेदना प्रकट गर्दै उक्त मृतक व्यक्तिको परिवारलाई रु. १,००,०००।- (एक लाख) क्रिया खर्च बापत उपलब्ध गराउने निर्णय गरियो ।

ङ) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बहुक्षेत्रिय पोषण कार्यक्रम यसै आ.व. ०७७।०७८ मा कार्यान्वयन गर्ने गरि शशर्त चालु अनुदान अन्तर्गत प्राप्त रकम रु.७,३१,००० ( सात लाख एकतिस हजार) विषयगत शाखाबाट प्रस्तुत भई खाद्य सुरक्षा समितिको सिफारिसमा तपशिल बमोजिमको कार्यक्रम स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**आ.व. २०७७/७८**

**बहुक्षेत्रीय पोषण कार्यक्रम**

**एकिकृत वार्षिक कार्यक्रमको ढाँचा**

| क्र.स. | विषयगत क्षेत्र | क्रियाकलापहरु | एकाइ | प्रति एकाइ मूल्य | जम्मा रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शासकिय प्रबन्ध | क. नियमित बैठक तथा योजना तर्जुमा<br>ख. बजेट बाडँफाँड<br>ग. अभिमुखिकरण कार्यक्रम<br>घ. अनुगमन तथा मुल्यांकन<br>ङ. सम्पन्न कार्यक्रमको समिक्षा | ६ | २४००० | १४४००० | नेपाल सरकार | |
| २ | महिला तथा बालबालिका | क. गर्मवती महिलालाइ पोषण चेतना<br>ख. अपांग बालबालिकाका | ४ | २२००० | ८८००० | नेपाल सरकार | |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | लागि पोषण तथा सरसफाइ सामाग्री वितरण | | | | | |
| ३ | स्वास्थ्य | क. बृहत पोषण प्याकेज<br>ख. सुत्केरी तथा गर्भवतीलाइ परामर्श<br>ग. पोषण युक्त पिठो तथा अन्य पौष्टिक सामाग्री वितरण | ४ | ३७२५० | १४९००० | नेपाल सरकार | |
| ४ | शिक्षा | क. विद्यालयमा खानेपानी तथा सरसफाइका लागि सहयोग<br>ख. अपांग बालबालिकालाइ सरसफाइ सामाग्री वितरण | २ | ५०००० | १००००० | नेपाल सरकार | |
| ५ | खानेपानी तथा सरसफाइ | क. विद्यालय छनौट गरी सरसफाइ सामाग्री वितरण<br>ख. हात धुने तथा सरसफाइ सम्बन्धी कार्यक्रम संचालन | २ | ५०००० | १००००० | नेपाल सरकार | |
| ६ | कृषि विकास | क. विउविजन वितरण | १ | ५०००० | ५०००० | नेपाल सरकार | |
| ७ | पशुपंक्षी विकास | क. गर्भवती तथा सुत्केरीलाइ अण्डा वितरण<br>ख. सचेतना सम्बन्धी कार्यक्रम | ४ | २५००० | १००००० | नेपाल सरकार | |
| जम्मा | | | | | ७३१००० | | |

च) वडा नं. ३ को जोखिम वस्ती चैनपुरमा ४ वटा घरधुरी मोसम विपदको कारणले पहिरो गई घरहरु भत्किनको साथै पुरा वस्ती नै जोखिममा रहेकोले उक्त वस्तीलाई नै सुरक्षित स्थानमा तत्काले स्थानन्तरण गर्न अति आवश्यक भएकोले सो वस्तीमा रहेको माथि उल्लेखित संख्याका घरधुरीलाई पुरा घर निर्माणको लागि जिल्ला प्रशासन कार्यालय मार्फत राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा

Scanned with CamScanner

माग गरि सकिएको र तहाँ निकाय मार्फत रकम निकासाको प्रकृया ढिला हुन गई वस्तीका मानिसहरुको जोखिम बढ्ने देखिएकोले तत्कालै घर निर्माण गरि सुरक्षित आवासको व्यवस्थापन गर्न स्थानीय सरकारको उत्तरदायित्व समेत रहेकोले उक्त प्राधिकरणबाट रकम प्राप्त भए पश्चात श्रोत भर्ना हुने गरि हाललाई प्रति घर रु. ३,००,०००।- को दरले हुन आउने कुल रकम रु. १२,००,००० ।- (बाह्र लाख) विपद् व्यवस्थापन शिर्षक मार्फतबाट उपलब्ध गराई पुनर्निर्माण प्राधिकरणको मापदण्ड अनुरुप नगरपालिकाको प्राविधिकबाट अनुगमन गरि घर निर्माण कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

छ) विदुर नगरपलिका भित्र विभिन्न प्रकृतीका विपदबाट भएका क्षेती बापत राहत उपलब्ध गराउने नगरपालिकाको निर्णय बमोजिम सम्बन्धीत व्यक्तिको माग दावी, वडा कार्यालयको सिफारिस, प्रहरी मुचुल्का र सम्बन्धीत शाखाको प्रतिवेदनको आधारमा निम्न व्यक्तिहरुलाई उल्लेखित क्षति अनुसार तपशिल बमोजिको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | व्यक्तिको नाम | ठेगाना | प्रकोपको प्रकृती | क्षतिको विवरण | राहत रकम |
|---|---|---|---|---|---|
| १ | बलराम न्यौपाने | विदुर ११ | आगलागी | २७४४ वटा कुखुरा सुहितको टहरा | १,५२,२००।- |
| २ | राजेन्द मान डंगोल | विदुर २ | आगलागी | काष्ठ मिल | ५०,०००।- |

ज) शिवपुरी गाउँपालिकामा मिति २०७७।२।१८ देखि २०७८।१२।२४ सम्म आयोजना भएको शिवपुरी गोल्डकपमा यस विदुर नगरपालिका पनि समावेश भएकोले, उक्त कार्यक्रममा भएको जम्मा रु. २,७५,०७५।- भुक्तानी दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

Scanned with CamScanner